अब कुन कुरामा बैअत गर्ने हो, हे अल्लाहका रसूल।" तब अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "तिमीहरूले अल्लाहको उपासना गर्ने र उहाँसँग कसैलाई पनि साझेदार नबनाउने, दैनिक पाँचपटक नमाज पढ्ने र आज्ञापालन गर्ने (उहाँले एउटा कुरा बिस्तारै भन्नुभयो) र कसैसँग केही पनि नमाग्ने कुरामा बैअत गर।

अबु मुस्लिम अल-खौलानीले बयान गरेका छन्, उनले भने : मलाई मेरो प्रिय र इमानदार साथी
औफ बिन मालिक अश्ह-जई (रजियल्लाहु अन्हु)ले भन्नुभयो : हामी नौ, आठ वा सात जना
अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग थियौँ। उहाँले हामीलाई सोध्नुभयो: "के तिमीहरू अल्लाहका रसूलसँग बैअत (वचनबद्धता) गर्दैनौ?" हामीले केही दिनअघि मात्रै उहाँसँग बैअत गरिसकेका थियौँ। त्यसैले हामीले भन्यौँ: "हे अल्लाहका रसूल! हामीले त तपाईंसँग वचनबद्धता गरिसकेका छौँ।" तर उहाँले फेरि भन्नुभयो: "के तिमीहरू अल्लाहका रसूलसँग बैअत गर्दैनौ?" हामीले दोहोर्यायौँ: "हे अल्लाहका रसूल! हामीले तपाईंसँग वचनबद्धता गरिसकेका छौँ।" उहाँले (तेस्रो पटक पनि उही कुरा) सोध्नुभयो: "के तिमीहरू अल्लाहका रसूलसँग बैअत गर्दैनौ?" हामीले आ-आफ्नो हात अगाडि बढाउँदै भन्यौँ: "हामीले पहिले नै तपाईंसँग वचनबद्धता गरिसकेका छौँ। अब कुन कुरामा बैअत गर्ने हो, हे अल्लाहका रसूल।" तब अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "तिमीहरूले अल्लाहको उपासना गर्ने र उहाँसँग कसैलाई पनि साझेदार नबनाउने, दैनिक पाँचपटक नमाज पढ्ने र आज्ञापालन गर्ने (उहाँले एउटा कुरा बिस्तारै भन्नुभयो) र
कसैसँग केही पनि नमाग्ने कुरामा बैअत गर।" रावी (हदीस सुनाउने व्यक्ति) भन्छन्: "त्यसपछि, मैले ती व्यक्तिहरूमध्ये केहीलाई देखेँ कि उनीहरूको कोर्रा भुइँमा खस्दा
पनि उनीहरू अरू कसैलाई उठाइदिन भन्दैनथे।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) केही सहाबा (साथी) हरूसँग हुनुहुन्थ्यो जब उहाँले तिनीहरूलाई आफूसँग बैअत (वचनबद्धता) गर्न र केही कुराहरूमा प्रतिबद्ध रहन तीन पटक भन्नुभयो: पहिलो: अल्लाहका आज्ञाहरू पालन गरेर र उहाँले निषेध गर्नुभएको कुराहरूबाट टाढा बसेर केवल उहाँको उपासना गर्ने र उहाँसँग कसैलाई साझेदार नबनाउनु। दोस्रो: दिन र रातमा पाँचवटा अनिवार्य नमाज कायम गर्नु। तेस्रो: आफ्नो हाकिमको जायज कुरामा आज्ञापालन गर्नु। चौथो: आफ्ना सबै आवश्यकताहरू केवल अल्लाहसँग माग्ने, मानिसहरूबाट न माग्ने र यो कुरा उहाँले विस्तारै भन्नुभयो । सहाबाहरूले आफ्नो बैअतमा गरेका प्रतिज्ञाहरूलाई व्यवहारमा उतारे। यसबारे रावी (हदीस सुनाउने व्यक्ति) ले भन्नुभयो: ‘मैले तिनै सहाबामध्ये एकजनाको कोर्रा खसेको देखें। उनले कसैलाई उठाइदिन भनेनन्, बरु आफैं तल ओर्लिए र आफ्नै हातले उठाए।

http://sunnah.global/hadeeth/ne/show/4176